REDD+ SES℠
Social & Environmental Standards

# रेडप्लससम्बन्धी सामाजिक एवं वातावरणीय मापदण्डहरु

संस्करण १ : १ जुन, सन् २०१०

महत्वपूर्ण सामाजिक र वातावरणीय फाइदाहरु सिर्जना गर्ने र आदिवासी जनताहरु एवं स्थानीय समुदायहरुको अधिकारको सम्मान गर्ने गरी सरकारद्वारा नेतृत्व गरिने रेडप्लस कार्यक्रमको निर्धारण र कार्यान्वयनका लागि मद्दत गर्ने मापदण्डहरु

www.redd-standards.org



© CI/Photo by John Martin



© GCCA/Photo by Eric Hidalgo



© CARE/Photo by Phil Franks

अनौपचारिक नेपाली उल्था
Nepali Translation

# रेडप्लससम्बन्धी सामाजिक एवं वातावरणीय मापदण्डहरु

*अनौपचारिक उल्था*
*(Unofficial translation)*

## (संस्करण : १५ जनवरी, सन् २०१०)

रेडप्लससम्बन्धी वातावरणीय एवं सामाजिक मापदण्डहरुको यो मसौदा संस्करण कोपनहेगनमा सन २००९ को मे ५-७ सम्म आयोजना भएको बहुसरोकारवालाहरुको कार्यशाला गोष्ठि, सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरुसँग नेपालमा सन् २००९ को जुन २९-जुलाई ३ सम्म, तान्जानियामा सन् २००९ को सेप्टेम्बर ९-११ सम्म र इक्येडोरमा सन् २००९ को अक्टोवर २२-२६ सम्म भएका परामर्शहरु; मापदण्डहरुका सम्बन्धमा सार्वजनिक रुपमा सुझाव पठाउने सन २००९ को अक्टोवर २-नोभेम्बर ३० सम्मको प्रथम सुझाव अवधिमा प्राप्त सुझावहरु र सन् २००९ को डिसेम्बर ४-५ सम्म पून: कोपनहेगनमा आयोजित मापदण्ड समितिको बैठकद्वारा प्राप्त सुझावहरु समेतका आधारमा तयार गरिएको हो ।

यी मापदण्डहरु सरकारी निकायहरु, गैरसरकारी संघ संस्था र नागरिक समाजहरु, आदिवासी समुदायका सङ्गठनहरु, अन्तर्राष्ट्रिय नीति तथा अनुसन्धान संस्थाहरु र निजी क्षेत्र समेतको सहभागिता र समावेशी प्रक्रियाका आधारमा विकास गरिएको हो । मापदण्डहरुको विकास प्रक्रियालाई बहुसरोकारवालाहरुको सन्तुलित प्रतिनिधित्व रहेको मापदण्ड समितिले नजिकबाट नियाली रहेको छ । रेडप्लस कार्यक्रम लागु हुने मुलुकका सरकार र नागरिक समाजहरुलाई यी मापदण्डहरु अङ्गिकारका लागि नेतृत्व गर्न सहज होस भन्ने मान्यतालाई स्वीकार गर्दै मापदण्ड समितिमा बहुसंख्यक सदस्यहरु सोही मुलुकहरुबाट रहेका छन् । यी मापदण्डहरुको विकासमा सीसीबीए (Climate, community and Biodiversity Alliance-CCBA) र केयर (CARE International) ले सहजिकरण गरिरहेको छ ।

मापदण्डहरुको यो मसौदा संसकरणमा संशोधन वा अतिरिक्त परिमार्जनका लागि हामी कुनैपनि पक्षबाट टिप्पणी र सुझावहरुको स्वागत गर्दछौं । मसौदा मापदण्डमा परिमार्जनका लागि तपाईको नाम, संस्थाको नाम, सम्बन्धित सिद्धान्त, आधार र सूचक नम्बरहरुमा तपाईको टिप्पणी र सुझावहरु समावेश गर्न सक्नु हुन्छ । सुझावहरु ६० दिने दोस्रो सार्वजनिक सुझाव अवधि अर्थात सन २०१० को मार्च १५ भित्रमा jdurbin@climate-standards.org मा पठाउन सकिने छ । सुझाव पठाउने फारम, यी मापदण्डहरुको अग्रेजी, फ्रान्सेली, स्पेनिस र पोर्चुगिज भाषाका संस्करणहरु, मापदण्डहरुको इतिहाँस र विकास प्रक्रियासम्बन्धी आधारभूत दस्तावेजहरु *http://www.climate-standards.org/REDD+/* मा उपलब्ध छन् ।

## मापदण्डहरुको आवश्यकता

वनविनाश र वनक्षयीकरण न्यूनिकरणको माध्यमबाट उत्सर्जन कटौति (REDD) र संरक्षण एवं वनको दिगो व्यवस्थापनको योगदान र वन कार्वन मौज्दात अभिवृद्धि (REDD+) ले थुप्रै महत्वपूर्ण वातावरणीय एवं सामाजिक सह-लाभहरु उपलब्ध हुने संभावना सँगसँगै खासगरी आदिवासी एवं वनमा निर्भर समुदायका लागि कैयौ चुनौति एवं जोखिमहरु सिर्जना हुने कुरा पनि उत्तिकै महत्वका साथ उठ्दै आएको छ । त्यसैले यस प्रयासको मुख्य लक्ष्य राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी सामाजिक एवं वातावरणीय अधिकार सुरक्षाका विषयमा बढ्दै गएको सचेतनालाई मान्यता प्रदान गर्दै रेडप्लस कार्यक्रमबाट उच्चस्तरको सामाजिक एवं वातावरणीय कार्यसम्पादनमा टेवा पुऱ्याउने मापदण्डहरु परिभाषित गर्नु रहेको छ ।

## मापदण्डहरुको भूमिका

यस प्रयासको माध्यमबाट रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने सरकार, गैरसरकारी संस्था, वित्तिय संस्थाहरु र अन्य सरोकारवालाहरुले समेत उपयोग गर्न सक्नेगरी यी मापदण्डहरु विकास गरिएको छ, जसले आदिवासी एवं स्थानीय समुदायको अधिकारको सम्मान र प्रयाप्त मात्रामा जैविक विविधता संरक्षण एवं समाजिक सह-लाभहरुको सिर्जना गर्न सघाउँछ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी प्रारुप महासन्धी (UNFCCC) का जारी वार्ताहरुबाट विकास हुने रेडप्लससम्बन्धी नयाँ विश्वव्यापी कानुनका लागि क्रियाशिल हुनेगरी तर्जुमा गरिएका यी मापदण्डहरु राज्यको नेतृत्वमा राष्ट्रिय एवं प्रान्तिय/क्षेत्रीय स्तरमा लागु गर्ने रेडप्लस कार्यक्रमका साथै अनुदान वा बजारमा आधारित वित्तिय प्रणालीका लागि समेत उपयुक्त हुनेछन् । रेडप्लस कार्यक्रमका निमित्त लागु हुने यी मापदण्डहरुमा उद्वेश्यहरु, नीतिहरु र विधिहरु संलग्न छन्, जसलाई निम्न अनुसार परिभाषित गरिएको छ :

१. उद्वेश्यहरुको उद्घोष ।
२. वनविनाश र वनक्षयीकरणका कारक तत्वहरुको पहिचान ।
३. नीति र मापदण्ड एवं योजना र कार्यक्रमहरुको निर्धारण र कार्यान्वयनसम्बन्धी विवरणहरु ।
४. सान्दर्भिकता अनुसार कार्यक्रम लागु हुने भौगोलिक क्षेत्रको किटानी ।
५. कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनको लागि संस्थागत व्यवस्थाको निर्धारण ।

## मापदण्डका अङ्गहरु

सामाजिक र वातावरणीय कार्यसम्पादनको आवश्यक तह र सरोकारका सवालहरु परिभाषित गर्नेगरी यी मापदण्डहरुमा सिद्धान्त, आधार र सूचकहरु समावेश गरिएका छन् :

- **सिद्धान्तहरु** मापदण्डको इच्छित तह हुन्, जसले मापदण्डको उद्वेश्य विस्तार गर्नुका साथै कार्यक्षेत्रको सुनिनिश्चता गर्दछ । यी सिद्धान्तहरु सत्यापन (प्रमाणिकरण) का लागि निर्धारण गरिएका नभई इच्छित उपलब्धीका लागि गरिएका घोषणाहरु हुन् ।
- **आधारहरु** मापदण्डको सन्तुष्टिको तह हुन्, जुन सिद्धान्त कार्यान्वयन गर्ने उद्वेश्य पुरा गर्ने शर्तका लागि आवश्यक भई तय गरिएका हुन्छन् । यीनिहरुको प्रत्यक्ष रुपमा सत्यापन गर्न सकिन्छ, तर यीनिहरु प्रायजसो सूचकहरुद्वारा विस्तृत रुपमा खुलाइएको हुन्छ ।
- **सूचकहरु** मात्रात्मक र गुणात्मक तत्वका रुपमा रहेका हुन्छन्, जुन सुचकका सन्दर्भमा सत्यापन गर्न र प्राप्त गर्न समेत सकिन्छ ।

सिद्धान्त र आधारको तहमा यी मापदण्डहरु साधारण प्रकृतिका हुन्छन् भन्ने मान्यता रहेको छ (जस्तैः सबै देशका लागि समान सिद्धान्त र आधार)। सूचकहरु भने कुनै पनि निश्चित देशको सन्दर्भमा उपयुक्त हुनेगरी एउटा खाकाको रुपमा विकास गरिन्छ, जसका लागि *देश विशेष अनुसारको व्याख्या*[1] गर्ने प्रक्रिया हुनेछ। देश विशेष अनुसारका सूचकहरु विकास गर्नको लागि मार्गदर्शन मिलोस् भन्ने उद्वेश्यले साधारण प्रकृतिका *सूचकका लागि प्रारुपह*रुको विकास गरिएको छ। देश अनुसारको व्याख्यामा सुनिश्चित रुपमा एकरुपता ल्याउनको लागि अन्तर्राष्ट्रिय पूनरावलोकन प्रक्रिया अवलम्बन हुनेछ।

## अनुगमन, प्रतिवेदन र सत्यापन (प्रमाणिकरण)

उच्चस्तरको कार्यसम्पादनको लागि उत्प्रेरणाका साथै परादर्शिता र जवाफदेहिताको अभिवृद्धि एवं सरोकारवालाहरुको सन्तुलित सहभागिता र स्वामित्वका निमित्त अहिले रेडप्लस कार्यक्रमको अनुगमन, प्रतिवेदन प्रणाली र सत्यापनका लागि थुप्रै विकल्पहरु विचाराधिन रहेका छन्। यद्यपि, सूचकहरुको तहमा भने अनुगमन, प्रतिवेदन प्रणाली र सत्यापनका लागि देश विशेष अनुसारको प्रक्रिया अवलम्बन हुनेछ।

| **सिद्दान्त १ : रेडप्लस कार्यक्रममा भूमि, क्षेत्रहरु र स्रोतहरु[2]माथिको अधिकारलाई मान्यता र सम्मान प्रदान गरिन्छ।** | |
|---|---|
| **आधार** | **सूचक[3]का प्रारुपहरु** |
| १.१ रेडप्लस कार्यक्रम[४]ले यस कार्यक्रमका सन्दर्भमा कानुनी र प्रथाजनित[५] गरी विभिन्न किसिमका अधिकारवालाहरु[६] र उनिहरुको भूमि, क्षेत्रहरु र स्रोतहरुमाथिको अधिकारको प्रभावकारी रुपमा पहिचान गर्दछ। | १.१.१ भूमि, क्षेत्रहरु र स्रोतहरुमाथिको पहुँच, सदुपयोग, व्यवस्थापन र साम्पत्तिक सम्बन्धी परम्परागत र कानुनी अधिकारको सर्वेक्षण (पहिचान) र इङ्गितका लागि सहभागितामूलक विधिको विकास गरिएको हुनेछ, जसमा महिला र सम्भावित जोखिममा परेका समुदाय[७]को अधिकारका साथै अधिकारहरुको बीचमा भएको विरोधाभाष र दोहोरोपनाको समेत पहिचान भएको हुनेछ।<br>१.१.२ रेडप्लस कार्यक्रममा वन व्यवस्थापन योजना एवं भू-उपयोग योजना[८] समावेश गर्दा सबै सम्बन्धित[९] अधिकारवालाहरुको अधिकार र उनिहरुका स्रोतहरुको सिमाना पहिचान भएको हुनेछ, जसमा अधिकारसम्बन्धी विरोधाभाष वा दोहोरोपनामा समेत ध्यान दिइएको हुनेछ। |
| १.२ आदिवासी एवं स्थानीय समुदाय[१०]ले परम्परागत रुपमा स्वामित्व धारण गरेका, भोग चलन गर्दै आएका, विभिन्न किसिमले उपभोग वा चलन[११] गर्दै आएका भूमि, क्षेत्रहरु र स्रोतमाथिको परम्परागत र विद्यमान कानुनी अधिकारलाई रेडप्लस कार्यक्रमले मान्यता र सम्मान प्रदान गर्दछ। | १.२.१ राष्ट्रिय रेडप्लस कार्यक्रमका नीतिहरुमा आदिवासी एवं स्थानीय समुदायको परम्परागत अधिकारलाई मान्यता र सम्मान प्रदान गर्ने कुरा उल्लेखित भएको हुनेछ।<br>१.२.२ रेडप्लस कार्यक्रममा समावेश गरिएका वन व्यवस्थापन योजना एवं भू-उपयोग योजनाहरुमा आदिवासी एवं स्थानीय समुदायका परम्परागत एवं विद्यमान कानुनी अधिकारहरुको सम्मान र मान्यता प्रदान गरिएको हुनेछ।<br>१.२.३ रेडप्लस कार्यक्रमले आदिवासी एवं स्थानीय समुदायको परम्परागत रुपमा स्वामित्व भएका, प्रयोग गर्दै आएका वा जुनसुकै किसिमले उपयोग र चलन गर्दै आएका भूमि, क्षेत्रहरु र स्रोतहरुमाथिको विद्यायिकी (कानुनी) अधिकार[१२]को सुनिश्चिततालाई प्रश्रय दिएको हुनेछ। |

---

[1] ***देश विशेष अनुसारको व्याख्या*** भन्नाले रेडप्लस कार्यक्रम अगाडी बढाउने क्षेत्राधिकारको तहमा व्याख्या गर्ने भन्ने बुझिन्छ।

[2] ***स्रोतहरु*** भन्नाले त्यस्ता स्रोतहरुले प्रदान गर्ने पर्यावरणीय सेवा समेतलाई बुझिन्छ।

[3] सूचकहरुको यस प्रारुपले प्रत्येक आधारको निमित्त आधारभूत तत्वहरु पहिचान गर्दछ। सूचकहरुको खाका विकासको लागि देश विशेष अनुसारको व्याख्या गर्ने प्रक्रियाहरु हुनेछन्, जुन सम्बन्धित देशको सन्दर्भमा उपयुक्त हुनेगरी तय हुन्छन्।

[4] रेडप्लस कार्यक्रम भित्र यस कार्यक्रमको निमित्त विकास गरिएका उद्वेश्यहरु, नीतिहरु र विधिहरुका अतिरिक्त यस कार्यक्रमलाई टेवा पुर्‍याउने अन्य सान्दर्भिक नीतिहरु समेत पर्दछन्।

[5] ***प्रथाजनित अधिकार*** भन्नाले भूमि र स्रोतहरुमाथि अधिकार हुने गरी राज्यद्वारा जारी गरिएका औपचारिक कानुनी मान्यता बाहेक आदिवासी एवं स्थानीय समुदायका सिजन वा चक्र प्रणाली अनुसार भूमि र स्रोतहरु उपयोग गर्ने प्रथाजनित कानुन, मूल्य मान्यता, प्रथा परम्पराहरुका दृघकालिन ढाँचाहरुलाई जनाउँछ।

[6] संयुक्त एवं सामुहिक अधिकारको उपभोग गर्ने पक्षहरुका अतिरिक्त आदिवासी समुदाय र व्यक्तिगत अधिकार उपभोगकर्ताहरु समेत अधिकारवालामा पर्दछन्।

[7] ***जोखिममा परेका जनता एवं समुदाय*** भन्नाले सुरक्षित जीविकोपार्जन निर्भर रहेका स्रोतहरु (जस्तै : समाजिक, सास्कृतिक, मानवीय, वित्तिय, प्राकृतिक, भौतिक एवं राजनीतिक आदि) जुन स्रोत साधनमाथिको सुरक्षित पहुँचको कमी भएका जनता एवं समुदायलाई जनाउँछ। यस्ता जनता एवं समुदाय र उनिहरुका पूँजिमा जलवायु परिवर्तन लगायतका बाह्य दवाव र खतराको उच्च सम्भावना हुन्छ, जसले त्यस्ता पूँजिहरु र सोको उपयोग गर्ने जनताको क्षमतामा प्रभाव पारेको हुन्छ। यस्ता वर्ग समूहमा त्यस्ता मानिसहरु पर्दछन्, जुन मानिसहरु खासगरी लैङ्गिक, जातिगत एवं समाजिक-आर्थिक हिसावले पछाडी पारिएका हुन्छन्।

[8] रेडप्लस कार्यक्रम अन्तर्गत भू-उपयोग योजना एवं वन व्यवस्थापन योजनाको तर्जुमा गर्दा आधार ६.२ अनुसार सबै सम्बन्धित अधिकारवालाहरु र सरोकारवालाहरुको अनिवार्य रुपमा पूर्ण र प्रभावकारी सहभागिता गराई त्यस्ता योजनाहरुको तर्जुमा गरिएको हुनु पर्दछ भन्ने कुरालाई मान्यता प्रदान गरिएको हुन्छ।

[9] रेडप्लस कार्यक्रममा सम्बन्धित अधिकारवालाहरुको पहिचान आधार ६.१ बमोजिम गरिएको हुन्छ।

[10] यसमा वैयक्तिक र सामुहिक अधिकार समेत पर्दछन्।

[11] यस अन्तर्गत खासगरी आदिवासी समुदायलाई भूमि, क्षेत्रहरु र स्रोतरुमाथि स्वामित्व, यसको नियन्त्रण, विकास र उपयोग गर्ने अधिकार रहेको कुरालाई मान्यता प्रदान गरिन्छ, जुन उनिहरुले अन्य प्रक्रियाका अतिरिक्त परम्परागत उपयोग, भोगचलन र स्वामित्व भएका कारण प्रयोग गर्दै आएका हुन्छन्।

[12] यस अन्तर्गत विद्यमान विद्यायिकी अधिकारका साथै प्रथाजनित अधिकारलाई विद्यायिकी कानुनमा रुपान्तरण गर्दा प्राप्त हुने अधिकारहरु समेत पर्दछन्।

| | |
|---|---|
| १.३ रेडसम्बन्धी कुनै पनि कार्यक्रमबाट प्रभावित हुने अधिकारवालाहरुसँग उनिहरुका भूमि, क्षेत्र र स्रोतहरुका बारेमा स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति लिने कुरा आवश्यक हुन्छ । | १.३.१ रेडप्लस कार्यक्रमबाट प्रभावित हुने अधिकारवालाहरुसँग उनिहरुका भूमि, क्षेत्र र स्रोतहरुका बारेमा स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति लिने कुरालाई रेडप्लस कार्यक्रमसम्बन्धी राष्ट्रिय नीतिहरुले मद्धत्त गरेको हुनेछन् ।<br>१.३.२ रेडप्लस कार्यक्रमबाट प्रभावित हुने अधिकारवालाहरुसँग उनिहरुका भूमि, क्षेत्र र स्रोतहरुका बारेमा स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति लिनुपर्ने अनिवार्यतालाई रेडप्लससम्बन्धी कार्यक्रमका माध्यमबाट प्रभावकारी रुपमा प्रचार-प्रसार गरिएको हुनेछ ।<br>१.३.३ पूर्णरुपमा परिभाषित गरिएका र आफ्नो तर्फबाट सहमति दिन सक्ने अधिकार सहितका आफ्ना प्रतिनिधिमूक सङ्गठनहरुले सामुहिक रुपमा अधिकारवालाहरुबाट स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति दिनका लागि प्रमाणितयोग्य विधिहरुको विकास गरिएको हुनेछ ।<br>१.३.४ रेडप्लस कार्यक्रमबाट प्रभावित हुने अधिकारवालाहरुसँग आपसी सहमतिका आधारमा तय गरिएका प्रक्रियाहरुको अनुशरण गरी उनिहरुका भूमि, क्षेत्र र स्रोतहरुका बारेमा स्वतन्त्रतापूर्वकको पूर्वसूचित सहमति लिइएको हुनेछ । |
| १.४ रेड प्लस कार्यक्रममा भूमि, क्षेत्रहरु र स्रोतहरुसम्बन्धी कुनै पनि विवाद समाधानका प्रभावकारी उपायहहरुको पहिचान र प्रयोग गरिन्छ र विवाद समाधानका उपलब्धीप्रति पूर्वाग्रही हुनेगरी कुनैपनि प्रक्रिया अवलम्बन गरिदैन । | १.४.१ रेडप्लस कार्यक्रमसँग सम्बन्धित भूमि, क्षेत्र र स्रोतहरुका बारेमा सिर्जित कुनै पनि विवाद समाधान वा मध्यस्थताका लागि स्थानीय र राष्ट्रियस्तरमा एउटा प्रभावकारी, पहुँचयोग्य र पारदर्शी संयन्त्रको पहिचान र विकास गरिएको हुनेछ ।<br>१.४.२ रेडप्लस कार्यक्रमका कारण भूमि, क्षेत्र र स्रोतहरुका सम्बन्धमा उठेका विवादहरु एउटा निश्चित् समयावधिभित्र समाधान भएको हुनेछन् ।<br>१.४.३ भूमि, क्षेत्रहरु र स्रोतहरुसम्बन्धी विवाद समाधान नभएसम्म रेडप्लससम्बन्धी कार्यक्रमहरु पूर्वाग्रही रुपमा परिणाम निस्कनेगरी लागु गरिएको हुनेछैन । |
| १.५ हरितगृह ग्याँस उत्सर्जन कटौति वा पूनःसञ्चितिका लागि भूमि, क्षेत्रहरु र स्रोतमाथिको परम्परागत र विद्यमान विद्यायिकी अधिकार[१३] बमोजिम प्राप्त कार्वन अधिकार[१४] माथिको निजी स्वामित्व[१५]लाई पनि रेडप्लस कार्यक्रमले सम्भव भएसम्म बढवा दिन्छ । | १.५.१ कार्वन अधिकारमाथिको निजी स्वामित्वलाई बढवा दिइएको अवस्थामा यसका लागि हरितगृह ग्याँस उत्सर्जन कटौति एवं पूनःसञ्चिति गर्ने भूमि, क्षेत्रहरु र स्रोतहरुमाथिको परम्परागत एवं विद्यमान विद्यायिकी कानुन बमोजिम प्राप्त कार्वन अधिकार परिभाषित गर्ने एउटा पारदर्शी प्रक्रियाको विकास गरिएको हुनेछ । |

**सिद्धान्त २ : रेडप्लस कार्यक्रमका लाभहरुलाई यसका सबै सम्बन्धित[१६] अधिकारवालाहरु र सरोकारवालाहरु[१७]का बीच समन्यायिक[१८] रुपमा बाँडफाँट गरिन्छ ।**

| आधार | सूचकका प्रारुपहरु |
|---|---|
| २.१ सहभागितामूलक विधि अवलम्बन गरी सबै तह[१९]मा सबै अधिकारवाला र सबै सरोकारवाला समूह[२०]का लागि रेडप्लस कार्यक्रमसम्बन्धी जोखिमहरु, सम्भावित लाभहरु र अनुमानित लागतहरु[२१]को पहिचान गरिन्छ । | २.१.१ सहभागितामूलक विधि अवलम्बन गरी सबै तहमा सबै अधिकारवाला र सबै सरोकारवाला समूहका लागि रेडप्लस कार्यक्रमसम्बन्धी जोखिमहरु, सम्भावित राजस्व/लाभहरु र अनुमानित लागतहरुको समिक्षा गरिएको हुनेछ । |
| २.२ लागत, लाभ र सम्बन्धित जोखिमहरुलाई मध्यनजर राख्दै सबै सम्बद्ध अधिकारवाला र | २.२.१ सबै सम्बद्ध अधिकारवाला र सरोकारवाला समूहका बीच र एकआपसमा लाभको समन्यायिक बाँडफाँट गर्ने संयन्त्रको विकास र निर्णय प्रक्रिया परिभाषित गर्ने क्रममा अत्यन्त |

13 रेडप्लस कार्यक्रमका सन्दर्भमा अधिकारवालाहरु र भूमि, क्षेत्रहरु एवं स्रोतहरुमाथिको प्रथाजनित एवं विद्यायिकी अधिकारहरु आधार १.१ बमोजिम पहिचान गरिन्छ ।

14 ***कार्वन अधिकार***लाई कार्वन मौज्दातको संरक्षण गर्ने कार्यका साथै हरितगृह ग्याँस उत्सर्जन कटौति र पूनः सञ्चितिमाथिको स्वामित्व हस्तान्तरण गर्नसक्ने गरी सम्झौता र कारोवारमा प्रवेश गर्न पाउने अधिकार हो भनी परिभाषित गरिएको छ ।

15 कार्वन अधिकारको स्वामित्व वैयक्तिक र सामुहिक गरी दुबै किसिमको हुन सक्छ ।

16 रेडप्लस कार्यक्रममा सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको पहिचान आधार ६.१ अनुसार गरिन्छ ।

17 ***अधिकारवालाहरु*** भन्नाले त्यस्ता पक्षलाई जनाउँछ, जसको रेडप्लस कार्यक्रमका कारण अधिकारमा प्रभाव पर्छ र ***सरोकारवालाहरु*** भन्नाले त्यस्तो पक्षलाई जनाउँछ, जसको रेडप्लस कार्यक्रममा कारण सरोकारहरुमा प्रभाव पर्छ ।

18 ***समन्याय वा समन्यायिकता***लाई सबै पक्षका लागि न्यायसङ्गत, निष्पक्ष र स्वच्छ व्यवहार गरिने कार्यका रुपमा परिभाषित गरिन्छ ।

19 यहाँ ***तह*** भन्नाले स्थानीय, राष्ट्रिय र अन्य सान्दर्भिक तहलाई जनाउँछ ।

20 सम्बन्धित अधिकारवाला र सारकोरवाला समूहको पहिचान आधार ६.१ अनुसार गरिन्छ ।

21 यी कुराहरु पहिचान गर्दा सबै किसिमका प्रत्यक्ष वा अप्रत्यक्ष लागत, फाइदा र जोखिमहरुका साथै त्यसको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरु समेतको समिक्षा गरिनु पर्छ । लागतको समिक्षा गर्दा फाइदाका लागि गरिने लागत पनि समावेश गरिनु पर्छ । सबै लागत, अवशर र जोखिमहरुको वर्तमान आधार अवस्थासँग तुलना गर्नुपर्छ, जुन आधार अवस्था रेडप्लस कार्यक्रम लागु नभएको कारण देखिने सम्भावित भू-उपयोगको अवस्था होस् ।

| | |
|---|---|
| सरोकारवाला समूह बीच र एकआपसमा रेडप्लस कार्यक्रमका लाभहरुको समन्यायिक वितरणका लागि एउटा मितव्ययी[२२], प्रभावकारी, सहभागितामूलक र पारदर्शी संयन्त्र स्थापित गरिन्छ । | जोखिममा परेका मानिसहरु समेत सबै इच्छुक सम्बद्ध अधिकारवाला र सरोकारवाला समूहहरुको पूर्ण र प्रभावकारी सहभागिता[२३]लाई सुनिश्चित गरिएको हुनेछ ।<br>२.२.२ लाभको समन्यायिक बाँडफाँटका लागि सुस्पष्ट किसिमका नीति र मार्गदर्शनहरुको विकास गरी त्यसमा सबैको सहमति भई सोको प्रचार-प्रसार र अनुशरण एवं पालना भएको हुनेछ ।<br>२.२.३ कोष परिचालन र लाभको वितरणका लागि समयमै काम गर्ने र मितव्ययी किसिमको प्रशासनिक प्रक्रियाहरु तय भएका हुनेछन् ।<br>२.२.४ रेडप्लस कार्यक्रममा मितव्ययिता, प्रभावकारिता[२४] र समन्यायिकताको सुनिश्चितताका लागि विभिन्न विकल्पहरुको विश्लेषणका आधारमा लाभको समन्यायिक बाँडफाँट गर्ने संयन्त्र बनाइएको हुनेछ ।<br>२.२.५ लाभको सान्यायिक बाँडफाँटका क्रममा गुनासाहरु पेश गर्ने र त्यसको समाधान गर्नका लागि एउटा पहुँचयोग्य र पारदर्शी कार्यविधिको विकास गरिएको हुनेछ । |
| २.३ जुनसुकै राजस्व र त्यसको सबै अधिकारवाला एवं सरोकारवाला समूहका बीचमा बाँडफाँट समेत र रेडप्लस कार्यक्रमको लागत र लाभको पारदर्शी रुपमा सहभागितामुलक अनुगमन हुन्छ । | २.३.१ स्थानीय र राष्ट्रियस्तरमा सहमति भए बमोजिमको लाभको समन्यायिक बाँडफाँट गर्ने प्रक्रिया कार्यान्वयनको अनुगमनमा सबै अधिकारवाला र सरोकारवाला समूहहरु प्रभावकारी रुपमा सहभागी भएका हुनेछन् ।<br>२.३.२ सम्बन्धित जोखिमहरु, सम्भावित लाभहरु र अनुमानित लागतको प्रारम्भिक समिक्षा[२५]का आधारमा लागत, राजस्व र अन्य लाभहरु कसरी वितरण गरिएको थियो भन्ने बारेमा प्रतिवेदनहरु तयारीका लागि सबै सम्बद्ध अधिकारवाला र सरोकारवाला समूहहरु प्रभावकारी रुपमा सहभागी भएका हुनेछन् । |

**सिद्धान्त ३ : रेडप्लस कार्यक्रमले अत्यन्त जोखिममा परेका मानिसहरुलाई समेत विशेष मध्यनजर राख्दै आदिवासी एवं स्थानीय समुदायको सम्पन्नता र दृघकालिन जीविकोपार्जन[२६] सुरक्षामा सुधार गर्दछ ।**

| आधार | सूचकका प्रारुपहरु |
|---|---|
| ३.१ रेडप्लस कार्यक्रमले अत्यन्त जोखिममा परेका मानिसहरुलाई समेत विशेष मध्यनजर राख्दै आदिवासी एवं स्थानीय समुदायको सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षामा सुधारका लागि अतिरिक्त र सकारात्मक अवशर सिर्जना गर्दछ । | ३.१.१ रेडप्लस कार्यक्रमको उद्धेश्यहरु आदिवासी एवं स्थानीय समुदायको सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षामा सुधार ल्याउनु हुनेछ ।<br>३.१.२ रेडप्लस कार्यक्रममा सहभागी हुने आदिवासी एवं स्थानीय समुदायभित्र अत्यन्त जोखिममा परेका वासिन्दाहरुको पहिचान भएको हुनेछ ।<br>३.१.३ रेडप्लस कार्यक्रममा सहभागी भएको कारणले लाभ प्राप्त भएको छ भन्ने कुराको अत्यन्त जोखिममा परेका मानिसहरु सहित आदिवासी एवं स्थानीय समुदायले महसुस गरेका हुनेछन् ।<br>३.१.४ रेडप्लस कार्यक्रमले अत्यन्त जोखिममा परेका मानिसहरु सहित आदिवासी एवं स्थानीय समुदायको सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षामा सुधारका लागि अतिरिक्त स्रोत[२७]को जगेर्ना गरेको हुनेछ ।<br>३.१.५ आदिवासी एवं स्थानीय समुदायको सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षामा सुधारको दिगोपना सुनिश्चितताका लागि मापदण्डहरु अङ्गिकार गरिएको हुनेछ । |
| ३.२ सम्बद्ध आदिवासी एवं स्थानीय समुदायले परादर्शी र समावेशी प्रक्रियाका आधारमा रेडप्लस कार्यक्रमका माध्यमबाट सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षामा सुधारका लागि आफ्ना उपायहरु तय गर्दछन् । | ३.२.१ रेडप्लस कार्यक्रममा लाभहरु प्राप्त गर्न, त्यसको आपूर्ति गर्न र यसबाट सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षामा सुधार गर्न आफुहरुभित्र अत्यन्त जोखिममा परेका मानिसहरु सहित आदिवासी एवं स्थानीय समुदायका लागि आवश्यक पर्ने एउटा पारदर्शी र समावेशी प्रक्रिया अवलम्बन गरिएको हुनेछ । |
| ३.३ सम्भावित र वास्तविक समेत गरी रेडप्लस कार्यक्रमका समाजिक, सास्कृतिक र आर्थिक प्रभावहरुको सहभागितामुलक समिक्षा हुन्छ । | ३.३.१ रेडप्लस कार्यक्रमले अत्यन्त जोखिममा परेका मानिसहरु सहित आदिवासी एवं स्थानीय समुदायमा अनुमानित र वास्तविक रुपमा सकारात्मक र नकारात्मक किसिमले पार्ने प्रभावहरुको समिक्षा गर्न एउटा सहभागितामुलक विधिको विकास र कार्यान्वयन गरिएको हुनेछ । |

---

22 ***मितव्ययीता*** भन्नाले न्यूनतम लागत, प्रयास र समयमा लक्ष्य प्राप्त गर्नुलाई जनाउँछ ।

23 ***पूर्ण र प्रभावकारी सहभागिता*** भन्नाले रेडप्लस कार्यक्रमको सम्पूर्ण प्रक्रियामा सहभागी हुन इच्छुक सम्पूर्ण सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको निर्णायक प्रभावलाई जनाउँछ र यस प्रक्रियामा उनिहरुलाई पहिला नै प्रयाप्त मात्रामा जानकारी पाउने अवशरको सुनिश्चितता गरिएको हुन्छ ।

24 रेडप्लस कार्यक्रममा ***प्रभावकारिता*** भन्नाले उत्सर्जन न्यूनिकरण र कार्यक्रमका अन्य लक्ष्यहरु प्राप्तिको उच्चतम् तहलाई जनाउँछ ।

25 सबै अधिकारवाला र सरोकारवाला समूहहरुका लागि हुन सक्ने कार्यक्रम लागतहरु, सम्भावित फाइदाहरु र सम्बन्धित खर्चहरुको प्रारम्भिक विश्लेषण आधार २.१ बमोजिम गरिएको हुन्छ ।

26 ***जीविकोपार्जन*** सामाजिक, सांस्कृतिक, मानवीय, वित्तिय, प्राकृतिक, भौतिक एवं राजनीतिक पूँजी एवं सम्पत्तिमा निर्भर गर्दछ ।

27 स्रोतहरु वर्तमान आधार अवस्थासँग तुलना गर्दा अतिरिक्त हुनुपर्छ, जुन आधार अवस्था रेडप्लस कार्यक्रम लागु नभएको कारण देखिने सम्भावित भू-उपयोगको अवस्था होस् ।

| | |
|---|---|
| | ३.३.२ उच्च जोखिममा परेका मानिहरुमा परेको सकारात्मक र नकारात्मक प्रभाव समिक्षाको लागि समाजिक अनुगमन गर्ने विशेष उपायहरु अवलम्बन गरिएका हुनेछन् । |
| ३.४ रेडप्लस कार्यक्रम सम्पन्नता र दृघकालिन जीविकोपार्जन सुरक्षा सुधारमा परेको सकारात्मक प्रभावलाई प्रोत्साहन र अनुमानित एवं विद्यमान नकारात्मक असरहरुलाई न्यूनिकरण गर्दै जाने आधारमा अबलम्बन भएको हुन्छ । | ३.४.१ रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयन चरणहरुमा खासगरी उच्च जोखिममा परेका र साधारणतया आदिवासी एवं स्थानीय समुदायमा पर्ने वा परेको सकारात्मक असरको बढवा र सम्भावित एवं विद्यमान नकारात्मक असरहरुको प्रभावकारी रुपमा न्यूनिकरणको लागि मापदण्डहरुको विकास र कार्यान्वयन[२८] गरिएको हुनेछ । |
| **सिद्धान्त ४ : रेडप्लस कार्यक्रमले सुशासन[२९]का उद्वेश्यहरु र वृहद किसिमको दिगो विकासमा योगदान गर्दछ ।** | |
| **आधार** | **सूचकका प्रारुपहरु** |
| ४.१ रेडप्लस कार्यक्रमले राष्ट्रिय र अन्य सान्दर्भिक तहमा स्थापित गरिएका दिगो विकास सम्बद्ध नीति, रणनीति र योजनाहरु[३०]का उद्वेश्यहरु प्राप्त गर्नमा योगदान गर्दछ । | ४.१.१ सरकारको राष्ट्रिय एवं अन्य सान्दर्भिक तहमा विकसित कुनै पनि विद्यमान गरिवी न्यूनिकरण नीति, रणनीति र योजना कार्यान्वयनमा रेडप्लस कार्यक्रमको नीति तथा मापदण्डहरुले कसरी योगदान गर्छ भन्ने बारेमा विस्तुत रुपमा खुलाइएको हुनेछ ।<br>४.१.२ राष्ट्रिय एवं अन्य सान्दर्भिक तहमा विकसित कुनै पनि जैविक विविधतासम्बन्धी नीति, रणनीति र योजना कार्यान्वयनमा रेडप्लस कार्यक्रमको नीति तथा मापदण्डहरुले कसरी योगदान गर्छ भन्ने बारेमा विस्तुत रुपमा खुलाइएको हुनेछ ।<br>४.१.३ रेडप्लस कार्यक्रम लागु गरिएका क्षेत्रहरुमा गरिवी न्यूनिकरण, जीविकोपार्जन र सहश्राव्दी विकास लक्ष्य परिपूर्तिमा योगदान पुगेको छ भन्ने कुरा यसको अनुगमनबाट देखिएको हुनेछ । |
| ४.२ रेडप्लस कार्यक्रमले विभिन्न क्षेत्र सहित खासगरी वन क्षेत्रमा सुशासन अभिवृद्धि गर्नका लागि निर्णायक भूमिका निर्वाह गर्दछ । | ४.२.१ रेडप्लस कार्यक्रममा देश विशेष अनुसार स्थापित कार्यसम्पादन लक्ष्य र खासगरी रेडप्लस कार्यक्रमको मितव्ययिता, प्रभावकारिता र न्यायोचिततासम्बन्धी वन सुशासनका गहन सवालहरु, जुन समाधान गर्न सकिने किसिमका छन्, पहिचान गरिएको हुनेछ ।<br>४.२.२ रेडप्लस कार्यक्रममा वन सुशासनसम्बन्धी सवाल समाधानका लागि संस्थागत क्षमता अभिवृद्धि र अन्य मापदण्डहरु समावेश गरिएको हुनेछ ।<br>४.२.३ रेडप्लस कार्यक्रमको अनुगमन र मुल्याङ्कन योजनामा वन सुशासनका आधारभूत सूचकहरु समावेश गरिएको हुनेछ । |
| ४.३ राष्ट्रियस्तरमा रेडप्लस कार्यक्रमप्रति सरकारको उच्चस्तरको प्रतिवद्धता छ । | ४.३.१ रेडप्लस कार्यक्रमको लागि सरकारको नेतृत्वमा संस्थागत व्यवस्था मिलाइएको कुराको झलक देखिएको हुनेछ ।<br>४.३.२ रेडप्लस कार्यक्रमको विकास, कार्यान्वयन र अनुगमनमा सरकारी निकायहरुले नेतृत्वदायी भूमिका निर्वाह गरेका हुनेछन् । |
| ४.४ रेडप्लस कार्यक्रम सबै सान्दर्भिक तहहरुमा रहेका सम्बन्धित नीति, रणनीति र योजनाहरुसँग मेल खाने किसिमका हुन्छन् । | ४.४.१ रेडप्लस कार्यक्रमको भू-उपयोग योजनाका तत्वहरु र भूमि, क्षेत्रहरु एवं स्रोतहरुमाथिको परम्परागत अधिकारलाई मान्यता प्रदान गर्ने कुरा भू-उपयोगसम्बन्धी अन्य योजनाहरुसँग पनि तालमेल खाने किसिमको हुनेछ ।<br>४.४.२ रेडप्लस कार्यक्रम अन्य क्षेत्रका साथै वन क्षेत्रको वृहद् किसिमको नीतिगत प्रारुपसँग एकिकृत हुने किसिमको हुनेछ ।<br>४.४.३ रेडप्लस कार्यक्रम र अन्य सान्दर्भिक दिगो विकास सम्बद्ध नीति, रणनीति र योजनाहरुका बीचको विरोधाभाषहरु पहिचान गरिएको हुनेछ ।<br>४.४.४ रेडप्लस कार्यक्रम र अन्य सान्दर्भिक दिगो विकास सम्बद्ध नीति, रणनीति र योजनाहरुका बीचको विरोधाभाषहरु समाधान गर्ने समय तलिका र पूनरावलोकन गर्ने प्रक्रियाको निर्धारण र कार्यान्वयन गरिएको हुनेछ । |
| ४.५ रेडप्लस कार्यक्रमको निर्धारण, कार्यान्वयन र अनुगमनका लागि सरकारी निकायहरु बीच र सरकारी एवं अन्य निकायहरुका बीचमा प्रभावकारी समन्वय हुन्छ । | ४.५.१ रेडप्लस कार्यक्रमलाई सबै सान्दर्भिक तहमा रहेका सम्बन्धित मन्त्रालय र सरकारी निकायहरुसँग अन्तरसम्बन्धित गर्नको लागि एउटा प्रभावकारी र मितव्ययी प्रक्रियाको विकास गरिएको हुनेछ । |

[28] रेडप्लस कार्यक्रममा कुनै पनि प्रभाव न्यूनिकरणका कार्यक्रमहरुको विकास र कार्यान्वयन गर्दा सबै सम्बद्ध अधिकारवाला र सरोकारवालाहरुको पूर्ण र प्रभावकारी सहभागिताको सुनिश्चितता गरिएको हुनुपर्छ भन्ने कुरालाई आधार ६.२ बमोजिम मान्यता प्रदान गरिन्छ ।

[29] ***सुशासन*** अन्तर्गत पहुँचको सुनिश्चितता, जनसहभागिता, पारदर्शिता, जवाफदेहिता, कानुनको शासन, पूर्वसुनिश्चितता, न्याय र दिगोपना जस्ता तत्वहरु पर्दछन् ।

[30] यस्ता योजनाहरुमा गरिवी निवारण रणनीति, राष्ट्रिय बजेटहरु, राष्ट्रिय जैविक विविधता रणनीतिहरु, राष्ट्रिय जलवायु परिवर्तन रणनीतिहरु, राष्ट्रिय अनुकुलन योजना आदि पर्दछन् ।

| सिदान्त ५ : रेडप्लस कार्यक्रममा जैविक विविधता र पर्यावरणीय सेवा[31] [32] को संरक्षण र अभिवृद्धि[33] गरिन्छ । | |
|---|---|
| **आधार** | **सूचकका प्रारुपहरु** |
| ५.१ रेडप्लस कार्यक्रमबाट हुन सक्ने सम्भावित प्रभावहरुबाट पर्यावरणीय सेवा र जैविक विविधतालाई संरक्षण र अभिवृद्धि भएको हुन्छ । | ५.१.१ सम्भव भएसम्म रेडप्लस कार्यक्रममा प्रत्येक तत्व र क्रियाकलापहरुबाट एउटा तह र मात्रामा पर्यावरणीय सेवा र जैविक विविधताको महत्वमा पर्ने सम्भावित असरहरु पहिचान र नक्शाङ्कन[34] गरिएको हुनेछ, जसमा अन्य कुराहरुका अतिरिक्त खासगरी आदिवासी एवं स्थानीय समुदाय सहितका सरोकारवालाहरुको सांस्कृतिक र आध्यात्मिक महत्व, जलवायु परिवर्तनको प्रभावबाट अनुकुलित हुने उपाय, पर्यावरण र पर्यावरणको आर्थिक महत्व, विभिन्न प्रजातिका संख्याहरुको वृद्धि, सङ्कटापन्न र लोपोन्मूख प्रजातिको महत्व आदिमा परेको प्रभाव पहिचान र नक्शाङ्कन गरिएको हुनेछ ।<br>५.१.२ रेडप्लस कार्यक्रममा यसबाट पर्यावरणीय सेवा र जैविक विविधतामा पर्ने सम्भावित असर पहिचान गरी सोको न्यूनिकरण र पर्यावरणीय सेवा एवं जैविक विविधता यथावत राख्ने र अभिवृद्धि गर्ने मापदण्डहरुको पहिचान र कार्यान्वयन गरिएको हुनेछ ।<br>५.१.३ रेडप्लस कार्यक्रममा जैविक विविधता र पर्यावरणीय सेवा यथावत राख्ने र अभिवृद्धि गर्ने कार्यका लागि अतिरिक्त स्रोत[35] सिर्जना गरिएको हुनेछ । |
| ५.२ रेडप्लस कार्यक्रमले वातावरणमा पार्ने वास्तविक र सम्भावित सकारात्मक र नकारात्मक प्रभावहरुको मूल्याङ्कन भएको हुन्छ । | ५.२.१ रेडप्लस कार्यक्रममा उपयुक्त भएसम्म वैज्ञानिक अनुसन्धान र परम्परागत ज्ञानलाई आधार मान्दै रेडप्लस कार्यक्रमका कारण जैविक विविधता र पर्यावरणीय सेवाको महत्वमा परेको सम्भावित प्रभाव मापनका लागि सूचकहरु र एउटा अनुगमन योजना निर्धारण भएको हुनेछ ।<br>५.२.२ संभव र उपयुक्त भएसम्म आदिवासी एवं स्थानीय समुदायको सहभागितामा रेडप्लस कार्यक्रमले वातावरणमा पारेको सम्भावित र वास्तविक प्रभाव[36]को अनुगमन गरिएको हुनेछ । |
| ५.३ जैविक विविधता र पर्यावरणीय सेवालाई यथावत राख्न र अभिवृद्धि गर्नको लागि अन्य सरोकारवालाहरु सहित आदिवासी एवं स्थानीय समुदायको परम्परागत ज्ञान र व्यवस्थापन अभ्यासहरुका आधारमा रेडप्लस कार्यक्रमको निर्धारण र कार्यान्वयन गरिन्छ । | ५.३.१ रेडप्लस कार्यक्रमका उद्वेश्यहरु जैविक विविधता र पर्यावरणीय सेवा यथावत राख्न र अभिवृद्धि गर्नको लागि उल्लेखनीय योगदान गर्नु रहेको छ ।<br>५.३.२ रेडप्लस कार्यक्रममा अन्य सरोकारवालाहरु सहित आदिवासी एवं स्थानीय समुदायको सान्दर्भिक परम्परागत ज्ञान र व्यवस्थापन अभ्यासहरुका आधारमा रेडप्लस कार्यक्रमले जैविक विविधता र पर्यावरणीय सेवामा सम्भावित प्रभाव पर्ने भनी पहिचान भएका कार्यहरु हुन नदिई जैविक विविधता र पर्यावरणीय सेवा यथावत राख्ने र अभिवृद्धि गर्ने मापदण्डहरुको पहिचान र कार्यान्वयन भएको हुनेछ । |
| ५.४ रेडप्लस कार्यक्रम वातावरणमा पर्ने सम्भावित र विद्यमान प्रभावहरुको मूल्याङ्कन गरी नकारात्मक असर घटाउने र सकारात्मक प्रभाव अभिवृद्धि गर्ने कुरालाई अङ्किकार गर्ने कुरामा आधारित छ । | ५.४.१ रेडप्लस कार्यक्रममा अन्य सरोकारवालाहरु सहित आदिवासी एवं स्थानीय समुदायको सान्दर्भिक परम्परागत ज्ञान र व्यवस्थापन पद्धत्तिका आधारमा रेडप्लस कार्यक्रम निर्धारण र कार्यान्वयनका चरणहरुमा सम्भावित र वास्तविक प्रभावहरुलाई न्यूनिकरण र सकारात्मक प्रभावहरुलाई वढवा गर्नको लागि मापदण्डहरुको विकास र कार्यान्वयन गरिएको हुनेछ । |

31 यहाँ ***पर्यावरणीय सेवा*** भन्नाले हरितगृह ग्याँस उत्सर्जन कटौति एवं पूनःसञ्चिति बाहेक अन्य सेवालाई पनि जनाउँछ ।

32 त्यस्तै यस अन्तर्गत विद्यमान राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजनाहरुमा जैविक विविधता र पर्यावरणीय सेवाको महत्वबारेमा पहिचान गरिएका कुराहरु, जैविक विविधता महासन्धिको सन २०१० को लक्ष्य प्राप्तिका लागि गरिएको आवश्यकता पहिचान विश्लेषण अथवा यी प्रयासहरुलाई टेवा पुऱ्याउने गरी लागु गरिएका अन्य प्रारुप कार्यक्रमहरु जस्तै : बहुराष्ट्रिय विकास बैंकद्वारा विकसित अधिकार सुरक्षाका मापदण्डहरु (विश्व बैंकको ओपी ४.०४, आइएफसी कार्यसम्पादन मापदण्ड ६), मुख्य जैविक विविधता क्षेत्रहरु, उच्च महत्वका संरक्षित क्षेत्रहरु र अन्य सान्दर्भिक एवं व्यवस्थित संरक्षण योजनाका साँचहरु समेत पर्दछन् ।

33 जैविक विविधता र पर्यावरणीय सेवामा परेको प्रभावलाई तुलनात्मक रुपमा वर्तमान आधार अवस्थासँग हेरिनुपर्छ, जुन आधार अवस्था रेडप्लस कार्यक्रम लागु नभएको कारण देखिने सम्भावित भू-उपयोगको अवस्था होस् ।

34 यस्तो कार्य गर्दा गैरप्राकृतिक वनको विस्तार गर्ने कुनै पनि योजनाहरु र यसले जैविक विविधता एवं पर्यावरणीय सेवाको महत्वमा पार्ने प्रभावको बारेमा विशेष किसिमले ध्यान पुऱ्याइनु पर्छ ।

35 स्रोतहरु वर्तमान आधार अवस्थासँग तुलना गर्दा अतिरिक्त हुनुपर्छ, जुन आधार अवस्था रेडप्लस कार्यक्रम लागु नभएको कारण देखिने सम्भावित भू-उपयोगको अवस्था होस् ।

36 उदाहरणको लागि यस्ता कार्यहरु अन्तर्गत रणनीतिक वातावरणीय मूल्याङ्कन अथवा वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता कार्यहरु पर्दछन् ।

**सिद्धान्त ६ : रेडप्लस कार्यक्रममा सबै सम्बन्धित[३७] अधिकारवाला र सरोकारवालाहरु पूर्ण[३८] र प्रभावकारी[३९] रुपमा सहभागी हुन्छन् ।**

| आधार | सूचकका प्रारुपहरु |
|---|---|
| ६.१ रेडप्लस कार्यक्रममा सबै अधिकारवाला र सरोकारवाला समूह[४०]हरुका अधिकार र सरोकारहरुको पहिचान र विशिष्टकरण गरी त्यसको रेडप्लस कार्यक्रमसँगको सम्बन्ध हेरिएको हुन्छ । | ६.१.१ अत्यन्त जोखिममा परेका मानिसहरुलाई विशेष महत्व दिदै आदिवासी एवं स्थानीय समुदाय सहितका सबै अधिकारवाला र सरोकारवालाहरु पहिचान गरिएको हुनेछ ।<br>६.१.२ रेडप्लस कार्यक्रमका सन्दर्भमा प्रत्येक अधिकारवाला र सरोकारवालाहरुको अधिकार र सरोकारहरुलाई विशिष्टिकरण गरिएको हुनेछ, जसमा सहभागिताका लागि उनिहरुका सामु आउने सम्भावित अवरोधहरुको पनि पहिचान गरिएको हुनेछ ।<br>६.१.३ रेडप्लस कार्यक्रमसँग आफ्नो अधिकार एवं सरोकार सम्बन्धित रहेका कारण कुनै पनि इच्छुक अधिकारवाला र सरोकारवाला समूहलाई रेडप्लस कार्यक्रममा अधिकारवाला एवं सरोकारवालाको रुपमा समावेश हुन पाउनको लागि निवेदन गर्न सक्ने कार्यविधिहरु तय भएका हुनेछन् । |
| ६.२ रेडप्लस कार्यक्रमको तर्जुमा[४१], कार्यान्वयन[४२] र अनुगमनमा सहभागी हुन इच्छुक सबै सम्बन्धित अधिकारवाला र सरोकारवालाहरु प्रभावकारी परामर्श र निकै सक्रिय सहभागिताका आधारमा पूर्ण सहभागी हुन्छन् । | ६.२.१ रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनमा सबै सम्बन्धित अधिकारवाला र सरोकारवाला समूहको सक्रिय सहभागिताको लागि एउटा प्रक्रिया र संस्थागत संरचनाहरुको स्थापना गरी त्यसलाई क्रियाशिल बनाइएको हुनेछ ।<br>६.२.२ अधिकारवाला र सरोकारवालाहरुसँगको परामर्श र सहभागितामुलक प्रक्रियामा अत्यन्त जोखिममा परेका समुदायका मानिसहरुको प्रभावकारी प्रतिनिधित्व भएको छ भन्ने कुराको सुनिश्चिता भएको हुनेछ ।<br>६.२.३ रेडप्लस कार्यक्रमको परामर्श प्रक्रिया स्थानीय परिवेशसँग तालमेल खाने किसिमको, समाजिक र सांस्कृतिक रुपमा उपयुक्त हुने विधि सहितको र स्थानीयस्तरमा आपसी सहमति अनुसार तय गरिएको स्थानमा आयोजना गरिएको हुनेछ ।<br>६.२.४ रेडप्लस कार्यक्रममा स्थानीय सरकारको सहभागिता भएको हुनेछ र राष्ट्रिय एवं अन्य सान्दर्भिक तहमा सरकारको सहभागिता र भूमिका सुस्पष्ट रुपमा किटानी भएका हुनेछन ।<br>६.२.५ रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयन अधिकारवाला र सरोकारवालाहरुसँगको पराशर्म र निकै प्रभावकारी रुपमा भएको सहभागिताका आधारमा अङ्गिकार गरिएको हुनेछ । |
| ६.३ रेडप्लस कार्यक्रमका सन्दर्भमा सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको निर्धारण गर्दा प्रमाणितयोग्य किसिमले र विद्यमान विद्यायिकी कानुन बमोजिमका र परम्परागत संस्थाहरुलाई मध्यनजर राख्दै उनिहरुले प्रतिनिधित्व गर्ने र परामर्श गरिने प्रक्रियाहरु तय हुन्छन् । | ६.३.१ रेडप्लस कार्यक्रममा अधिकारवाला र सरोकारवालासँग गरिने परामर्श प्रक्रिया विद्यमान विद्यायिकी कानुन र पराम्परागत संस्थाहरुप्रति मध्यनजर राख्दै विकास गरी सोको सम्बन्धित अधिकारवाला र सरोकारवालाबाट अनुमोदन गराइएको हुनेछ ।<br>६.३.२ रेडप्लस कार्यक्रमले खासगरी आदिवासी एवं स्थानीय समुदाय र सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको आफ्नै निर्णय प्रक्रियाको संरचना र तौरतरिकाको अवमूल्यन नगरी सोलाई मान्यता र सम्मान प्रदान गरिएको हुनेछ ।<br>६.३.३ रेडप्लस कार्यक्रमका लागि अधिकारवाला एवं सरोकारवालाहरुले आफ्ना प्रतिनिधिहरु आफै छानेका हुनेछन् । |
| ६.४ अधिकारवाला र सरोकारवाला समूहका प्रतिनिधिहरुले आफुले जसको प्रतिनिधित्व गर्दछन्, सो समूहको प्रभावकारी प्रतिनिधित्व भएको कुराको सुनिश्चितता गर्दछन् र आफ्ना समूहप्रति जवाफदेही हुँदै आमसहमति कायम गर्नको लागि भूमिका निर्धारण गर्दछन् । | ६.४.१ रेडप्लस कार्यक्रमले आफुहरुलाई कसरी सकारात्मक र नकारात्मक प्रभाव पार्छ भन्ने बारेमा सहजिकरण गर्न र पृष्ठपोषण लिनको लागि अधिकारवाला र सरोकारवाला समूहका प्रतिनिधिहरुले आफुले प्रतिनिधित्व गर्ने समूहलाई जानकारी प्रवाह गर्ने एउटा पारदर्शी प्रक्रियाको अङ्गिकार गर्नेछन् । |
| ६.५ सम्बन्धित सरोकारवाला र अधिकारवालाहरुलाई रेडप्लस कार्यक्रमका आधारभूत सवालहरुको बारेमा सुस्पष्ट बुझाई रहेको छ र प्रभावकारी रुपमा सहभागी हुने क्षमता रहेको हुन्छ । | ६.५.१ अत्यन्त जोखिममा परेका समुदायका मानिसहरु सहित आदिवासी एवं स्थानीय समुदायमा जानकारी प्रवाह र अन्य जनचेतनामूलक कार्यक्रमको माध्यमबाट सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुमा रेडप्लस कार्यक्रमको बारेमा सुस्पष्ट बुझाईको विकास भएको छ भन्ने कुरा सुनिश्चित गरिएको हुनेछ ।<br>६.५.२ रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको सक्रिय सहभागिता गराउनमा कठिनाई आएको भए सोको पहिचान गरी |

37 रेडप्लस कार्यक्रमका अधिकारवाला र सरोकारवाला समूहहरुको पहिचान आधार ६.१ बमोजिम गरिएको हुन्छ ।

38 ***पूर्ण सहभागिता*** भन्नाले सिङ्गो प्रक्रियामा हुने सहभागितालाई जनाउँछ ।

39 ***प्रभावकारी सहभागिता*** भन्नाले रेडप्लस कार्यक्रमको सम्पूर्ण प्रक्रियामा सहभागी हुन इच्छुक सम्पूर्ण सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको निर्णायक प्रभावलाई जनाउँछ र यस प्रक्रियामा उनिहरुलाई पहिला नै प्रयाप्त मात्रामा जानकारी पाउने अवशरको सुनिश्चितता गरिएको हुन्छ ।

40 अधिकारवाला समूह र सरोकारवाला समूहको रेडप्लस कार्यक्रमका सन्दर्भमा समान किसिमको अधिकार वा सरोकार निहित रहेको हुन्छ ।

41 यस अन्तर्गत रेडप्लस कार्यक्रमसँग सम्बन्धित भू-उपयोग एवं वन व्यवस्थापन योजनाहरुको विकास समेत पर्दछ ।

42 ***कार्यान्वयन*** अन्तर्गत कार्यक्रमहरुको कार्यान्वयनका साथसाथै जारी योजना तर्जुमा र निर्णय प्रक्रियाहरु समेत पर्दछन् भन्ने बुझिन्छ ।

| | |
|---|---|
| | क्षमता अभिवृद्धिका प्रभावकारी उपायहरुको अवलम्बन गरी त्यस्ता समस्या समाधान गरिएको हुनेछ । |
| ६.६ रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनका क्रममा खासगरी आदिवासी एवं स्थानीय समुदाय सहित सम्बन्धित अधिकारवाला र सरोकारवाला समूहहरुको ज्ञान, सीप र स्रोत व्यवस्थापन प्रणालीहरुलाई विकसित हुन दिनेगरी सहयोग गरिएको हुन्छ । | ६.६.१ रेडप्लस कार्यक्रमसँग सन्दर्भिक हुने परम्परागत र अन्य ज्ञान, सीप र व्यवस्थापन प्रणालीहरु पहिचान गर्ने प्रक्रियाहरुको विकास गरिएको हुनेछ ।<br>६.६.२ सम्भव र उपयुक्त भएसम्म रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनमा सम्बन्धित अधिकारवाला एवं सरोकारवालाहरुका पहिचान भएका ज्ञान, सीप र स्रोत व्यवस्थापन प्रणालीहरुलाई रेडप्लस कार्यक्रममा समावेश गरिएको हुनेछ । |
| ६.७ रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनका सम्बन्धमा उजुरीहरु सुन्ने र विवाद समाधान गर्ने संरचनाहरु बनाइएको हुन्छ । | ६.७.१ रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनका क्रममा उठेका विवादहरु र प्राप्त उजुरीहरु सुन्ने प्रयोजनका लागि एउटा पारदर्शी, पहुँचयोग्य र निष्पक्ष संरचनाको विकास गरिएको हुनुका साथै निश्चित समयभित्र निष्पक्ष सुनुवाई भई अधिकारवाला र सरोकारवालाहरुका गुनासा सुनी जवाफ दिने व्यवस्था गरिएको हुनेछ ।<br>६.७.२ गुनासा सुन्ने र विवाद समाधान गर्ने प्रक्रियाहरु सम्बन्धित सबै अधिकारवाला र सरोकारवालाहरुले जानकारी पाउनेगरी सार्वजनिक रुपमा प्रकाशन गरिएको हुनेछ ।<br>६.७.३ कुनै पनि स्वार्थहरु बाझिन नदिनको लागि गुनासा सुनी निर्णय गर्ने र विवाद समाधान गर्ने प्रक्रियाको मध्यस्थता गर्ने तेस्रो पक्षद्वारा व्यवस्थापन गरिएको हुनेछ । |
| ६.८ अधिकारवाला र सरोकारवालाहरुलाई कानुनी परामर्शमा पहुँच, सान्दर्भिक कानुनी प्रक्रियाहरु बारे जानकारी र रेडस्पल कार्यक्रमका कानुनी र वित्तिय परिणामहरुका बारेमा जानकारी पाउने हक हुन्छ । | ६.८.१ सबै सम्बन्धित अधिकारवाला र सरोकारवालहरुलाई रेडप्लस कार्यक्रमको सम्भावित कानुनी र वित्तिय प्रभावहरु र सान्दर्भिक कानुनी प्रक्रियाहरुको बारेमा कानुनी परामर्श लिनका लागि कानुनी परामर्श सेवामा पहुँच र त्यस्तो सेवा उपलब्ध भएको हुनेछ । |
| ६.९ रेडप्लस कार्यक्रममा सम्बन्धित सबै अधिकारवाला र सरोकारवालाहरुको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चितताका लागि पर्याप्त स्रोत जुटेको हुन्छ । | ६.९.१ रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनका प्रक्रियाहरुमा पूर्ण र प्रभावकारी रुपमा सहभागी हुनको लागि सम्बन्धित अधिकारवाला र सरोकारवाला समूहहरुलाई पर्याप्त मात्रामा स्रोतमा पहुँच भएको हुनेछ । |

**सिद्धान्त ७ : रेडप्लस कार्यक्रमको सुशासनको लागि र सचेततापूर्ण निर्णय प्रक्रियालाई बलियो बनाउनको लागि सबै अधिकारवाला र सरोकारवालाहरुलाई समयमा नै उपयुक्त र सही सूचनाको पहुँच हुन्छ ।**

| आधार | सूचकका प्रारुपहरु |
|---|---|
| ७.१ सुशासन र सामान्य सचेतना अभिवृद्धिको लागि रेडप्लस कार्यक्रमसम्बन्धी पर्याप्त जानकारीहरु सार्वजनिक रुपमा उपलब्ध हुन्छन् । | ७.१.१ सार्वजनिक क्षेत्रका सम्भावित इच्छुक सदस्य एवं व्यक्तिहरुलाई भूमि, क्षेत्रहरु र स्रोतहरुमाथिको अधिकार, जैविक विविधता र पर्यावरणीय सेवाको संरक्षण, लाभको बाँडफाँड एवं रेडप्लस कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन जस्ता विषयहका साथै रेडप्लस कार्यक्रमका बारेमा प्रयाप्त जानकारीहरु सार्वजनिक रुपमा उपलब्ध र पहुँचमा रहेका हुनेछन् ।<br>७.१.२ भूमि, क्षेत्रहरु र स्रोतहरुमाथिको अधिकारसम्बन्धी जानकारीहरु सहित सरोकारवालाहरुको रेडप्लस कार्यक्रमसम्बन्धी सूचनाको हक सुनिश्चितताको लागि सरकारी नीतिहरुले सहयोग गरेका हुनेछन् । |
| ७.२ अधिकारवाला र सरोकारवालाहरुलाई आफुहरुलाई रेडप्लस कार्यक्रम आवश्यक छ, यो कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमनमा प्रभावकारी सहभागिताको लागि समयमै र उपयुक्त तरिकाले जानकारी दिइएको छ र सम्भावित सामाजिक, साँस्कृतिक, आर्थिक र पारिस्थितिकीय जोखिम र अवशहरु, कानुनी प्रभावहरु र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिवेशहरुबारे जानकारी रहेको छ । | ७.२.१ रेडप्लससम्बन्धी के कस्ता जानकारीहरु उपलब्ध छन् र ती कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा अधिकारवाला र सरोकारवालाहरुलाई जानकारी रहेको हुनेछ ।<br>७.२.२ रेडप्लस कार्यक्रमसम्बन्धी जानकारीहरु प्रवाह गर्ने सबैभन्दा प्रभावकारी उपायहरु पहिचान भई सबै अधिकारवाला र सरोकारवालाहरुका बीचमा यी प्रत्येकको अभ्यास भएको हुनेछ ।<br>७.२.३ सबै अधिकारवाला र सरोकारवालाहरुलाई रेडप्लस कार्यक्रमका सान्दर्भिक जानकारीहरु जस्तैः अनुगमन र मूल्याङ्कनका परिणामहरु; सम्भावित सामाजिक, सांस्कृतिक, आर्थिक र पर्यावरणीय जोखिम र अवशरहरु; कानुनी प्रभावहरु र स्थानीय, राष्ट्रिय एवं विश्वव्यापी परिवेशहरु सम्बन्धी जानकारीमा पहुँचको हक हुनेछ ।<br>७.२.४ आदिवासी एवं स्थानीय समुदायलाई रेडप्लस कार्यक्रमका बारेमा आफूहरुले बुझ्ने किसिमको माध्यमबाट जानकारीहरु पाउने पहुँचको अधिकार सुनिश्चित भएको हुनेछ । |
| ७.३ सबै अधिकारवाला र सरोकारवालाहरुले रेडप्लस कार्यक्रमसम्बन्धी सम्पूर्ण सान्दर्भिक जानकारीहरु सङ्कलन गरी उपयुक्त माध्यमबाट समयमा नै आफुले प्रतिनिधित्व गर्ने समूहमा प्रवाह गर्दछन् । | ७.३.१ सबै अधिकारवाला र सरोकारवालाहरुले रेडप्लस कार्यक्रमसम्बन्धी सम्पूर्ण सान्दर्भिक जानकारीहरु सङ्कलन गरी आफुले प्रतिनिधित्व गर्ने समूहमा प्रवाह गरेको हुनेछन् ।<br>७.३.२ अधिकारवाला र सराकारवालाहरुले आफ्ना प्रतिनिधिहरु मार्फत रेडप्लस कार्यक्रमसम्बन्धी सम्पूर्ण सान्दर्भिक जानकारीहरु प्राप्ती र प्रवाह गरेका छन् भन्ने कुरा सुनिश्चित गर्नको लागि एउटा प्रक्रिया निर्धारण गरिएको हुनेछ । |
| ७.४ रेडप्लस कार्यक्रम सम्बन्धमा सक्षम रुपमा आफ्ना प्रतिनिधिहरुलाई समयमा नै प्रभावकारी | ७.४.१ प्रतिक्रियाहरुमा एकरुपता ल्याउनका लागि सबै अधिकारवाला र सरोकारवालाहरुलाई रेडप्लस सम्बन्धी जानकारी प्रवाह गर्ने र निर्णय गर्ने समयका बीचमा प्रयाप्त समय रहने गरी |

| | |
|---|---|
| रुपमा पृष्ठपोषण गर्न र समावेशी निर्णय प्रक्रिया अवलम्बन गर्नको लागि यससम्बन्धी उपलब्ध जानकारी समयमा नै उपलब्ध गराउने र प्रवाह गर्ने कार्य भएको छ । | जानकारीहरु प्रवाह गर्ने र उपलब्ध गराउने कार्य गरिएको हुनेछ । |
| ७.५ उपयुक्त रुपमा र समयमा नै रेडप्लस कार्यक्रमसम्बन्धी जानकारीहरु सङ्कलन र प्रवाह गर्नको लागि पर्याप्त स्रोत उपलब्ध छ । | ७.५.१ सबै अधिकारवाला र सरोकारवालाहरुबाट र उनिहरुलाई उपयुक्त रुपमा र समयमा नै रेडप्लस कार्यक्रमसम्बन्धी सान्दर्भिक जानकारीहरु सङ्कलन र प्रवाह गर्ने कार्यको सुनिनिश्चतताको लागि पर्याप्त स्रोत उपलब्ध छ भन्ने कुरा सुनिनिश्चत गरिएको हुनेछ । |
| **सिद्धान्त ८ : रेडप्लस कार्यक्रमले स्थानीय[43] एवं राष्ट्रिय सान्दर्भिक कानुन र अन्तर्राष्ट्रिय सन्धिहरु, महासन्धिहरु र सम्झौताहरुको पालना गर्दछ ।** | |
| **आधार** | **सूचकका प्रारुपहरु** |
| ८.१ रेडप्लस कार्यक्रमले राज्यद्वारा अनुमोदित अन्तर्राष्ट्रिय सन्धिहरु, महासन्धिहरु एवं सम्झौताहरुका साथै स्थानीय र राष्ट्रिय कानुनहरुको पालना र सोसँग तालमेल गर्दछ । | ८.१.१ रेडप्लस कार्यक्रमसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरु, महासन्धिहरु र सम्झौताहरु पहिचान गरिएका हुनेछन् ।<br>८.१.२ रेडप्लस कार्यक्रमसँग सम्बन्धित स्थानीय र राष्ट्रिय कानुनहरुको पहिचान गरिएका हुनेछन् ।<br>८.१.३ रेडप्लस कार्यक्रमका कुनै विषयहरु जुन स्थानीय एवं राष्ट्रिय कानुनहरु र अन्तर्राष्ट्रिय सन्धिहरु, महासन्धिहरु र सम्झौतहरुसँग तालमेल नखाने वा पालना हुन नसक्ने खालका छन् भने सोको पहिचान भई अनुगमन गरिएको हुनेछ । |
| ८.२ यी मापदण्डहरुसँग सामन्जस्य नहुने कुनै स्थानीय एवं राष्ट्रिय कानुनहरु पूनरावलोकनका लागि एउटा प्रक्रिया अवलम्बन गरिन्छ, जसले यस्ता विरोधाभाष समाधान गर्नका लागि एउटा योजना प्रस्ताव गर्दछ । | ८.२.१ यी मापदण्ड र स्थानीय एवं राष्ट्रिय कानुनहरुका बीचमा रहेको विरोधाभाष समाधानका लागि एउटा पूनरावलोकन प्रक्रियाको स्थापना गरिएको हुनेछ । |
| ८.३ रेडप्लस कार्यक्रमसँग सम्बन्धित कानुन बुझ्ने, लागु गर्ने र त्यसको अनुगमन गर्ने कार्यका लागि सम्बन्धित अधिकारवाला र सरोकारवालाहरु [44]सँग प्रयाप्त क्षमता हुन्छ । | ८.३.१ रेडप्लस कार्यक्रमसँग सम्बन्धित कानुन बुझ्ने, लागु गर्ने र त्यसको अनुगमन गर्ने कार्यका लागि सक्षम हुन सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुसँग प्रयाप्त क्षमता भएको हुनेछ । |

## शब्दार्थहरु

***अधिकारवालाहरु*** भन्नाले त्यस्ता पक्षलाई जनाउँछ, जसको रेडप्लस कार्यक्रमका कारण अधिकारमा प्रभाव पर्दछ र ***सरोकारवालाहरु*** भन्नाले त्यस्तो पक्षलाई जनाउँछ, जसको रेडप्लस कार्यक्रममा कारण सरोकारहरुमा प्रभाव पर्दछ ।

***आधारहरु*** भन्नाले मापदण्डको सन्तुष्टिको त्यस्ता तह हुन्, जुन सिद्धान्त कार्यान्वयन गर्ने उद्वेश्य पुरा गर्ने शर्तका लागि आवश्यक भई तय गरिएका हुन्छन् । यीनिहरुको प्रत्यक्ष रुपमा सत्यापन गर्न सकिन्छ, तर यीनिहरु प्रायजसो सूचकहरुद्वारा विस्तृत रुपमा खुलाइएको हुन्छ ।

***कार्वन अधिकार*** भन्नाले कार्वन मौज्दातको संरक्षण गर्ने कार्यका साथै हरितगृह ग्याँस उत्सर्जन कटौति र पूनः सञ्चितिमाथिको स्वामित्व हस्तान्तरण गर्न सक्ने गरी सम्झौता र कारोवारमा प्रवेश गर्न पाउने अधिकार जनाउँछ ।

***कार्यान्वयन*** भन्नाले यस अन्तर्गत कार्यक्रमहरुको कार्यान्वयनका साथसाथै जारी योजना तर्जुमा र निर्णय प्रक्रियाहरु समेत पर्दछन् भन्ने बुझिन्छ ।

***जीविकोपार्जन*** भन्नाले सामाजिक, सांस्कृतिक, मानवीय, वित्तिय, प्राकृतिक, भौतिक एवं राजनीतिक पूँजी एवं सम्पत्तिमा निर्भर गर्ने प्रक्रियालाई जनाउँदछ ।

***जोखिममा परेका जनता एवं समुदाय*** भन्नाले सुरक्षित जीविकोपार्जन निर्भर रहेका स्रोतहरु (जस्तै : समाजिक, सास्कृतिक, मानवीय, वित्तिय, प्राकृतिक, भौतिक एवं राजनीतिक आदि) जुन स्रोत साधनमाथिको सुरक्षित पहुँचको कमी भएका जनता एवं समुदायलाई जनाउँछ । यस्ता जनता एवं समुदाय र उनिहरुका पूँजिमा जलवायु परिवर्तन लगायतका बाह्य दवाव र खतराको उच्च सम्भावना हुन्छ, जसले त्यस्ता पूँजिहरु र सोको उपयोग गर्ने जनताको क्षमतामा प्रभाव पारेको हुन्छ । यस्ता वर्ग समूहमा त्यस्ता मानिसहरु पर्दछन्, जुन मानिसहरु खासगरी लैङ्गिक, जातिगत एवं समाजिक-आर्थिक हिसावले पछाडी पारिएका हुन्छन् ।

***देश विशेष अनुसारको व्याख्या*** भन्नाले रेडप्लस कार्यक्रम अगाडी बढाउने क्षेत्राधिकारको तहमा व्याख्या गर्ने भन्ने बुझिन्छ ।
***पूर्ण सहभागिता*** भन्नाले सिङ्गो प्रक्रियामा हुने सहभागितालाई जनाउँछ ।

---

[43] ***स्थानीय कानुनहरु*** अन्तर्गत राष्ट्रियस्तरको क्षेत्राधिकार भन्दा तल रहने गरी कानुनी रुपमा विभाग, स्थानीय निकायहरु र प्रथाजनित प्रणालीहरुलाई दिइएको कानुनी मान्यता समेत पर्दछन् ।
[44] यहाँ सम्बन्धित अधिकारवाला र सरोकारवालाहरु भन्नाले रेडप्लस कार्यक्रममा कानुनी आवश्यकता पुरा भए नभएको भन्ने बारेमा अनुगमन गर्ने जिम्मेवारी पाएका अधिकारवाला र सरोकारवालाहरु पर्दछन् ।

***पूर्ण र प्रभावकारी सहभागिता*** भन्नाले रेडप्लस कार्यक्रमको सम्पूर्ण प्रक्रियामा सहभागी हुन इच्छुक सम्पूर्ण सम्बन्धित अधिकारवाला र सरोकारवालाहरुको निर्णायक प्रभावलाई जनाउँछ र यस प्रक्रियामा उनिहरुलाई पहिला नै प्रयाप्त मात्रामा जानकारी पाउने अवशरको सुनिश्चितता गरिएको हुन्छ ।

***प्रथाजनित अधिकार*** भन्नाले भूमि र स्रोतहरुमाथि अधिकार हुने गरी राज्यद्वारा जारी गरिएका औपचारिक कानुनी मान्यता बाहेक आदिवासी एवं स्थानीय समुदायका सिजन वा चक्र प्रणाली अनुसार भूमि र स्रोतहरु उपयोग गर्ने प्रथाजनित कानुन, मूल्य मान्यता, प्रथा परम्पराहरुका दृघकालिन ढाँचाहरुलाई जनाउँछ ।

***प्रभावकारिता*** भन्नाले रेडप्लस कार्यक्रममा उत्सर्जन न्यूनिकरण र कार्यक्रमका अन्य लक्ष्यहरु प्राप्तिको उच्चतम् तहलाई जनाउँछ ।

***पर्यावरणीय सेवा*** भन्नाले हरितगृह ग्याँस उत्सर्जन कटौति एवं पून:सञ्चिति बाहेकका अन्य सेवाहरुलाई समेत जनाउँछ ।

***मापदण्डहरु*** भन्नाले सामाजिक र वातावरणीय कार्यसम्पादनको आवश्यक तह र सरोकारका सवालहरु परिभाषित गर्नेगरी यी मापदण्डहरुमा समावेश गरिएका सिद्धान्त, आधार र सूचकहरुलाई समेत जनाउँछ ।

***मितव्ययीता*** भन्नाले न्यूनतम लागत, प्रयास र समयमा अधिकतम लक्ष्य प्राप्त गर्नुलाई जनाउँछ ।

***रेडप्लस कार्यक्रम*** भन्नाले यस अन्तर्गत यस कार्यक्रमको निमित्त विकास गरिएका उद्वेश्यहरु, नीतिहरु र विधिहरुका अतिरिक्त यस कार्यक्रमलाई टेवा पुऱ्याउने अन्य सान्दर्भिक नीतिहरु समेत पर्दछन् ।

***लागत, फाइदा र जोखिमहरु*** भन्नाले रेडप्लस कार्यक्रममा सबै किसिमका प्रत्यक्ष वा अप्रत्यक्ष लागत, फाइदा र जोखिमहरुका साथै त्यसको सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरुको समिक्षा समेत पर्दछ । लागतको समिक्षा गर्दा फाइदाका लागि गरिने लागत पनि समावेश गरिनु पर्छ । सबै लागत, अवशर र जोखिमहरुको वर्तमान आधार अवस्थासँग तुलना गर्नुपर्छ, जुन आधार अवस्था रेडप्लस कार्यक्रम लागु नभएको कारण देखिने सम्भावित भू-उपयोगको अवस्था होस् ।

***समन्याय वा समन्यायिकता*** भन्नाले सबै पक्षका लागि न्यायसङ्गत, निष्पक्ष र स्वच्छ व्यवहार गरिने कार्यलाई बुझिन्छ ।

***सिद्धान्तहरु*** भन्नाले मापदण्डको इच्छित तहलाई जनाउँछ, जसले मापदण्डको उद्वेश्य विस्तार गर्नुका साथै कार्यक्षेत्रको सुनिनिश्चता गर्दछ । सिद्धान्तहरु सत्यापन (प्रमाणिकरण) का लागि निर्धारण गरिएका नभई इच्छित उपलब्धीका लागि गरिएका घोषणाहरु हुन् ।

***सुशासन*** भन्नाले यस अन्तर्गत पहुँचको सुनिश्चितता, जनसहभागिता, पारदर्शिता, जवाफदेहिता, कानुनको शासन, पूर्वसुनिश्चितता, न्याय र दिगोपना जस्ता तत्वहरु पर्दछन् ।

***सूचकहरु*** भन्नाले यी मात्रात्मक र गुणात्मक तत्वका रुपमा रहेका हुन्छन्, जुन सुचकका सन्दर्भमा सत्यापन गर्न र प्राप्त गर्न समेत सकिन्छ ।

***सूचकहरुको प्रारुप*** भन्नाले प्रत्येक आधारको निमित्त आधारभूत तत्वहरु पहिचान गर्नका लागि बनाइएका तत्वहरुलाई जनाउँछ । सूचकहरुको खाका विकासको लागि देश विशेष अनुसारको व्याख्या गर्ने प्रक्रियाहरु हुन्छन्, जुन सम्बन्धित देशको सन्दर्भमा उपयुक्त हुनेगरी तय हुन्छन् ।

***स्रोतहरु*** भन्नाले त्यस्ता स्रोतहरुले प्रदान गर्ने पर्यावरणीय सेवा समेतलाई बुझिन्छ ।

***स्थानीय कानुनहरु*** भन्नाले राष्ट्रियस्तरको क्षेत्राधिकार भन्दा तल रहने गरी कानुनी रुपमा विभाग, स्थानीय निकायहरु र प्रथाजनित प्रणालीहरुलाई दिइएको कानुनी मान्यता समेतलाई जनाउँछ ।